प्रस्तावहरुः

१. कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि सम्बन्धमा ।
२. गाउँसभाको हिउँदे अधिवेशन सम्बन्धमा
३. विविध ।
- ज्येष्ठ नागरिक तथा बाल उधान व्यवस्थापन सम्बन्धमा ।
- बाल उद्यान निर्माण र व्यवस्थापन कार्य सम्बन्धमा ।
- बोलपत्र स्विकृत गरि सम्झौता गर्ने सम्बन्धमा।
- पदक विजेता विद्यार्थी तथा खेल शिक्षकलाई सम्मान तथा पुरस्कृत गर्ने सम्बन्धमा।
- SEE मा उत्कृष्ट स्थान प्राप्त गर्ने विद्यार्थी तथा शिक्षकलाई सम्मान तथा पुरस्कृत गर्ने सम्बन्धमा
- विषय विज्ञ सूचीकृत सम्बन्धमा।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा गाउँपालिकाबाट कार्यान्वयन हुने कृषि क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित तथा प्रभावकारी बनाउनका लागि कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधिको मस्यौदा अध्ययन गरि आगामी कार्यपालिकाको बैठकबाट स्विकृत गर्नका लागि सुझावहरु उपलब्ध गराउने निर्णय गरियो।
२. प्रस्ताव नं. २ माथि छलफल गर्दा धवलागिरी गाउँसभाको हिउँदे अधिवेशन २०८२ पौष २२ गते बस्ने गरि आह्वान गर्ने निर्णय गरियो।
३. **विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।**

**क.** संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत बाल उधान निर्माण तथा व्यवस्थापन कार्यको लागि रु १० लाख एवम् ज्येष्ठ नागरिक तथा बाल उधान व्यवस्थापनको लागि रु १० लाख बजेट विनियोजन भएको हुँदा उक्त दुवै कार्यक्रम कार्यान्वयन गर्ने वडा एवम् स्थान छनोट गर्न सामाजिक विकास समितिलाई अधिकार प्रदान गरिएकोमा सामाजिक विकास समितिबाट बाल उधान निर्माण तथा व्यवस्थापन कार्य वडा नं ३ मुनामा साविकको गाविस भवनसँग जोडिएको खालि जमिनमा तथा ज्येष्ठ नागरिक तथा बाल उधान व्यवस्थापन गर्ने कार्य वडा नं ७ ताकममा रहेको जेष्ठ नागरिक आश्रयस्थल भवनमा कार्यान्वयन गर्ने गरि सिफारिस गरेको हुँदा सोहि सिफारिस बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

ख. लुलाङ- गुर्जा सडक निर्माण योजनाका लागि आह्वान गरिएको बोलपत्र अन्तर्गत लुलु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. जलजला गा.पा. पर्वतबाट दर्ता भएको बोलपत्र तथा जनजागृति मावि पुननिर्माण योजनाका लागि लागि आह्वान गरिएको बोलपत्र अन्तर्गत के.सी. निर्माण सेवा मंगला गा.पा. म्याग्दीबाट दर्ता भएको बोलपत्र न्यूनतम मुल्यांङ्कीत सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनोट भएको हुँदा आशयको सूचनामा तोकिए अवधि भित्र कुनै उजुरी दर्ता हुन नआएमा उक्त बोलपत्र स्विकृत गरि सम्झौताका लागि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो।

ग. २०८२ को जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि भई पदक प्राप्त गर्ने विद्यार्थी तथा सम्बन्धित विद्यालयका खेल शिक्षकलाई सम्मानपत्र तथा दोसल्ला प्रदान गरि सम्मान गर्ने निर्णय गरियो।

घ. २०८१ सालको माध्यमिक शिक्षा परीक्षा एसईईमा उत्कृष्ट नतिजा प्राप्त गर्ने साधारणधार तर्फका छात्र तथा छात्रा, प्राविधिकधार तर्फ उत्कृष्ट नतीजा प्राप्त गर्ने १ जना तथा शत प्रतिशत विद्यार्थी उत्तिर्ण गराउने शिक्षक मध्येबाट विषयगत रुपमा उत्कृष्ट १/१ जना शिक्षकहरुलाई जनही रु ४०००.०० (कर बाहेक), सम्मानपत्र तथा दोसल्ला प्रदान गरि सम्मान गर्ने निर्णय गरियो।

ङ. रिक्त पदमा सेवा करारमा शिक्षक छनोट गर्नका लागि परीक्षा संचालन प्रयोजनार्थ संघीय कानूनबमोजिम विषयविज्ञ सूचीकृत गर्ने निर्णय गरियो।